म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३४ | शुक्रबार १७ भदौ २०७९ | ने. सं. ११४२ ञलाथ्व | 2 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# उपकरण ल्याउन जोखिमपूर्ण रोप-वे बेच्दै हेटौंडा सिमेन्ट

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ मानव बस्ती र विद्यालयलाई वर्षौंदेखि जोखिम बनाएको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको रोप-वे अब इतिहासका रुपमा सीमित हुने भएको छ ।

भीमफेदी गाउँपालिकाको भैंसेस्थित खानी क्षेत्रबाट चुनढुंगा ल्याउन प्रयोग भएको रोप-वेलाई हेटौंडा सिमेन्टले बिक्री गर्ने तयारी गरेको हो । रोप-वेमा करोडौंका फलाम छन् । फलामका पोलदेखि, तार र बकेट (ढुंगा बोकेर तारमा हिँड्ने डिब्बा) सम्म बिक्री गर्ने तयारीमा हेटौंडा सिमेन्ट उद्योग लागेको हो ।

विगत चार वर्षदेखि घाटामा चल्दै आएको सरकारी स्वामित्वको हेटौंडा सिमेन्टले उद्योगमा नयाँ उपकरण खरिद गर्न रातोमाटेस्थित जग्गा र रोप-वे बिक्री गर्न लागेको छ । जग्गा र रोप-वे बिक्रीबाट आएको रकमले उद्योगमा नयाँ प्रविधि भित्र्याउने योजना उद्योग प्रशासनको छ ।

हेटौंडा सिमेन्टले उक्त रोप-वेका सामग्री लिलामी गर्न उद्योगका भण्डारण विभाग प्रमुख विकास श्रेष्ठको संयोजकत्वमा मूल्याङ्कन समिति बनाएको छ । उद्योगका सूचना अधिकारी अशोक गौतमले समितिले रोप-वेका सामग्रीहरुको मूल्याङ्कन गर्ने र लिलामी प्रक्रियामा लैजाने जानकारी दिए ।

समितिमा कोष तथा लेखा नियन्त्रक, जिल्ला प्रशासन र सडक विभागबाट एक-एक जना र उद्योगबाट २ जना प्रतिनिधि हुने व्यवस्था गरिएको छ । समितिले कबाडीमा बेच्ने प्रक्रियालाई चाँडो अगाडि बढाउने भएको छ । हेटौंडा सिमेन्ट उद्योगका महाप्रवन्धक वसन्तकुमार पाण्डेले रोप-वे जीर्ण बन्दा यसका बकेटमुनिका बस्तीहरु जोखिममा रहेको कारण चाँडो लिलामी प्रक्रिया सुरु गरिने बताए ।

*साझाकुरा*सँग कुरा गर्दै महाप्रबन्धक पाण्डेले रोप-वे बिक्रीबाट करिब १२ करोड रुपैयाँसम्म रकम



प्राप्त हुने आंकलन गरिएको छ । मुल्याङ्कन समितिको रिपोर्टपछि वास्तविक बिक्री मूल्य थाहा हुने उनले बताए । रोप-वेलाई पहिलाको अवस्थामा ल्याएर सञ्चालन गर्ने अवस्था नरहेको उनको भनाइ छ । जोखिम मूल्याङ्कन गरेर चाँडो लिलामी प्रक्रिया अघि बढाउने तयारी गरेको पाण्डेले बताए । भैंसे खानिदेखि लामसुरे उद्योगसम्मका बस्तीलाई नै जोखिम बनाइरहेको रोप-वेलाई बिक्री गरेर बस्तीको सुरक्षा र उद्योगमा नयाँ उपकरण ल्याउन सकिने भएकाले यो कदम उठाउन लागिएको बताए । रोप-वेलाई लिलाम गर्ने प्रयास यसअघि नै उद्योगले गरेको थियो । तर, भनेजति रकम नपाएपछि उद्योग मौन बसेको जनाइएको छ ।

हेटौंडा-९ स्थित भित्रुवन आधारभूत विद्यालयको भवनको माथिल्लो पट्टि बकेट देखिन्छ । त्यहि बकेटमुनि दैनिक विद्यालयका कयौं बालबालिकाहरु खेलिरहेका हुन्छन् । विद्यालयको भवनबाट धेरै माथि दूरीमा नरहेको त्यस्तो बकेट हेटौंडाबाट भीमफेदी गाउँपालिकाको भैसेखानिसम्मै देख्न सकिन्छ । पूर्वपश्चिम राजमार्गहुँदै हेटौंडा आउनेहरुले पनि हेटौंडा-१० राप्ति किनारनजिकै तारमा झुण्डिरहेको बकेटहरु देख्न सक्छन् । ती बकेटहरु त्यसरी झुण्डिएको ३६ वर्ष भयो । करिब २० वर्षसम्म ती बकेटहरु हेटौंडा सिमेन्ट उद्योगको लागि चुनढुंगा ओसार्न प्रयोग भएपनि ६२ सालदेखि भने पूर्णरुपमा बन्द छ । डेढ दशकदेखि चल्न नसकेको रोप-वे जीर्णमात्रै भएको छैन, आसपास भएको विद्यालय र समुदायको लागि सम्भावित काल बनेको छ । तर, रोप-वे सञ्चालनमा ल्याएर बन्द पनि गरेको हेटौंडा सिमेन्टले त्यसको व्यवस्थापन गर्न सकेको छैन । उद्योगले न त रोप-वे सञ्चालनमा ल्याउन सकेको छ न त त्यसको अन्य व्यवस्थापन नै गर्न सकेको छ । खिया लागेको रोप-वेका बकेट कतिबेला तार चुढिएर झर्ने हो भन्ने त्रासमा त्रिभुवन आधारभूत विद्यालयसहित हेटौंडा-९, १० र १ तथा भीमफेदी गाउँपालिका १ नम्बर वडाका बासिन्दा छन् । रोप-वे पुरानो र जीर्ण हुँदै जाँदा जुनसुकै बेला चुढिएर झर्ने र विद्यालय भवनसँगै विद्यार्थीहरुलाई पनि जोखिम हुने चिन्ता रहेको विद्यालयले यसअघि नै बताइसकेको छ । सम्बन्धित सबै वडा कार्यालयले पनि पटकपटक मौखिक तथा लिखितरुपमा यस विषयमा उद्योगलाई जानकारी दिएको हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

उक्त रोप-वे हटाउन यसअघि नै हेटौंडा उपमहानगर पालिकाका जनप्रतिनिधिहरुले चासो देखाएको उनले बताए । हेटौंडा-१, हेटौंडा-९, हेटौंडा-१० र भीमफेदी गाउँपालिका वडा नं. १ ले लिखितरुपमा जीर्ण रोप-वे हटाउन आग्रह गरेको प्रवक्ता न्यौपानेले बताए । तर, उद्योगले रोप-वे हटाउन सकेको छैन । राणा प्रधानमन्त्री चन्द्रशमशेर ले विस १९८२ मा मकवानपुरको भीमफेदी नजिकको धोर्सिङबाट मातातीर्थसम्मको २२ किलोमिटरमा रोप-वे लाइन बनाएका थिए । यही रोप-वेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गर्ने गरेका थिए । यसरी सामान ओसार्न बनाइएको रोपवेले सजिलो भएपछि त्यसैलाई पछ्याउदै हेटौंडा सिमेन्टले पनि आफ्नो खानिबाट चुनढुंगा ओसार्न रोपवे सञ्चालनमा ल्याएको थियो ।

उद्योगले २०४२ सालबाट भैंसेखानिबाट लामसुरेस्थित कारखानासम्म चुनढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याइएको रोप-वे २०६२ सालदेखि बन्द छ । २०६० सालमा आएको बाढीपहिरोले भैंसे त्रिखण्डीनजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भएको थियो । दुई दशकसम्म भैंसेखानीबाट चुनढुंगा ढुवानी गरेको रोपवे बाढीले भत्काएपछि सञ्चालन हुन सकेको छैन ।

# मकवानपुरसहित ५१ स्थानमा बन्दै चार्जिङ स्टेसन



साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेमा नेपाल विद्युत प्राधिकरणले चार्जिङ स्टेसन बनाउने भएको छ ।

बुधवार काठमाडौंमा चार्जिङ स्टेसनको उद्घाटन गरेको प्राधिकरणले देशभर मकवानपुर सहित ५१ वटा स्थानमा निर्माणको तयारी गरिरहेको हो । प्राधिकरणले विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजनाअन्तर्गत् हाल सात प्रदेशका मुख्य राजमार्ग, बसपार्क र ठूला शहरहरु पर्ने ५१ स्थानमा चार्जिङ स्टेसन निर्माण भइहेको छ । जसअन्तर्गत् हेटौंडाको रातोमाटे मुख्य राजमार्ग क्षेत्रमा पर्छ । २६ वटा ठूला बस, माइक्रो, ट्रक, पिकअप तथा कार र २५ वटा साना/ठूला कारहरू चार्ज गर्न मिल्ने प्राधिकरणले जनाएको छ ।

आन्तरिक रुपमा विद्युत्को खपत बढाउन, पेट्रोलियम पदार्थको खपत कम गरी आयात घटाउन र विद्युतीय सवारीसाधान प्रयोगमार्फत् वातावरण मैत्री यातायात प्रणालीको विकासका चार्जिङ स्टेसन स्थापना गर्न लागिएको हो । नेपाल प्रहरी र सशष्त्र प्रहरी बलद्धारा सञ्चालित तथा प्रस्तावित पेट्रोल पम्प र कार्यालयहरुका उपयुक्त स्थानमा चार्जिङ स्टेसन निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । चार्ज गर्दा कारहरुमा औसत सत्तरी पैसा, एसयूभीहरुमा असी पैसा, माइक्रोबसमा नब्बे पैसा र बसहरुमा एक रुपैयाँ बीस पैसा प्रति किलोमिटर खर्च लाग्नेछ । नेपालमा उपलब्ध सवारीसाधनहरुमा रहेको ब्याट्री क्षमताअनुसार कम्तिमा आधा घण्टादेखि १ घण्टासम्ममा चार्ज पूर्ण हुन सक्ने जनाइएको छ । हरेक चार्जिङ स्टेसनमा १ सय ४२ किलोवाट क्षमताको चार्जर, त्यसमा विद्युत् आपूर्तिका लागि ५० केभीएको ट्रान्सफर्मर, अनलाइन बिलिङ प्रणाली जडान गरिएको छ । चार्जिङ स्टेसनमा छिटो चार्ज गर्न मिल्ने ६०/६० किलोवाटका डीसी र २२ किलोवाटका एसी चार्जरहरु राखिनेछन् । यसबाट ठूला बससहित तीनवटा सवारीसाधनले एकसाथ चार्ज गर्न सकिनेछ ।

# सप्तऋषिको पूजा गर्दै सकियो तीज

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ सप्त ऋषिको पूजा गरी यसवर्षको तीज सकिएको छ ।

महिलाहरूले बिहीबार नदी र पवित्रस्थलमा गई स्नान गरी सप्तऋषिको पूजा र कथा श्रवण गरी यसवर्षको तीज समापन गरेका छन् । शुक्ल पञ्चमीको दिन हिन्दू महिलाले पवित्र जलाशायमा गई एक वर्षको सांकेतिक अर्थ दिने ३ सय ६५ वटा दतिवनले दाँत माझी, शुद्ध माटो र तिलले नुहाएर ऋषिको पूजा गरेमा सौभाग्य प्राप्त हुने विश्वास छ ।

ऋषिपञ्चमीसंगै नेपाली महिलाको महान चाड तीज सकिएको मानिन्छ । यो दिन रजश्वला भएका महिलाले कश्यप, अत्री, भारद्वाज, जमदग्नि, विश्वामित्र र वशिष्ठ ऋषि तथा वशिष्ठ ऋषिकी धर्मपत्नी अरुन्धतीको पूजा गर्दछन् । पूजा सम्पन्न भएपछि महिलाले कर्कलाको परिकार खाने चलन छ । यो पूजाले अन्जानमा भएको जोखनितको पाप पनि नष्ट हुने विश्वास गरिन्छ ।

**कर्मचारी आवश्यकता**

हेटौंडामा अवस्थित एक व्यवसायिक फर्ममा केही कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

**बजार प्रतिनिधि:** २ जना (१ महिला, १ पुरुष)
**योग्यता:** एसईई उतीर्ण
**तलब:** आपसी समझदारीमा

**मोटरसाइकल वा स्कुटी भएकोलाई विशेष ग्राहयता दिइनेछ ।**

सम्पर्क : ९८५५०३९८११, ९८४५५३३८११

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**Note:** BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# अतिक्रमित संरचना भत्काउने निर्णय स्वागतयोग्य

हेटौंडा उपमहानगरपालिकाले बजार क्षेत्रमा नियम मिचेर बनाइएका अतिक्रमित संरचनाहरु भत्काउने निर्णय गरेको खबर बाहिरिएको छ । नगर कार्यपालिकाको बुधबार बसेको आठौं बैठकले नक्सा पास नगरी सडकसमेत अतिक्रमण हुने गरी निर्माण गरिएका संरचनाहरु भत्काउने निर्णय गरेसंगै हेटौंडा बजारमा तरंग फैलिएको छ । यो निर्णयको कतिपयले नकारात्मक टिप्पणी गरेका छन् भने कतिपयले स्वागत गरेका छन् । हरेक क्रियाको प्रतिक्रिया आउने वैज्ञानिक तथ्यले पुष्टि गरिसकेको छ । तर, क्रियापछिको प्रतिक्रिया सकारात्मक वा नकारात्मक पक्षबाट विश्लेषण गर्नु कार्यकारी पदमा रहेका पदाधिकारीहरुको दायित्व हो । आफूले गर्न लागेको कामको सकारात्मक वा नकारात्मक कुन पक्षमा बढी जनमत छ, त्यो निर्णयलाई शीरोधार्य गरेर अगाडि बढ्नुपर्छ । यो निर्णयको नकारात्मकभन्दा सकारात्मक पाटोमा बढी प्रतिक्रिया बजारमा सुनिएको छ ।

हेटौंडा बजार यसै त साँघुरो छ । मुख्य बजार क्षेत्रमा ट्राफिक जामको समस्या बढ्दो छ । फुटपाथमा पैदलयात्री हिँड्न मुस्किल हुनेगरी व्यवसायीहरुले सामान बेच्न राखेका हुन्छन् । पटकपटक फुटपाथ खाली गराउने भनेर अभियान चालिन्छ तर, त्यसै निष्कृय भएर गइरहेको छ । फुटपाथमा सामान राख्दा व्यापार बढ्छ भन्ने गलत बुझाइ व्यापारीको छ । त्यसैको संरक्षणमा मकवानपुर उद्योग वाणिज्य संघ पनि लागिरहेको देखिन्छ । सडक फराकिलो बनाउन स्थानीयबासी र व्यवसायीहरु नै बाधक बन्दै आइरहेका छन् । घरधनीको घर र व्यवसायीको व्यापार जोगाउन बजार फराकिलो हुन सकेको छैन । त्यहिमाथि फुटपाथसमेत ओगटेर राखेको पसलसमेत हटाउन उपमहानगर असफल हुँदै आइरहेको अवस्थामा पछिल्लो समय यो निर्णय आएको छ ।

बागमती प्रदेशको राजधानी हेटौंडा भइरहँदा यहाँको सबै क्षेत्रको विकास हुने क्रममा छ । राजधानी भएसंगै जनचाप पनि बढ्दो छ । फोहोरमैला बढ्दो छ । सवारीसाधन बढ्दो छ । बाहिरी जिल्लाबाट आउने पर्यटकको संख्या पनि बढ्दो छ । राष्ट्रिय र प्रदेशस्तरका कार्यक्रमहरुको संख्या पनि बढ्दो छ । सबै क्षेत्रमा बढोत्तरी भइरहँदा यहाँको नगरको समग्र सौन्दर्यता खस्किँदो अवस्थामा छ । यसको तत्काल समाधान गर्नु अब स्थानीय सरकारको दायित्व नै हुन जान्छ । त्यसैले सडक क्षेत्र अतिक्रमण गरेर बनाइएका संरचना भत्काउने, फुटपाथ खाली गराउने, ट्राफिक व्यवस्थापन गर्ने, फोहोरको व्यवस्थापन गर्ने कायमा अब उपमहानगरपालिका चुक्नु हुन्न । जुन निर्णय भएको छ, त्यो स्वागतयोग्य छ । यो निर्णयलाई तत्काल कार्यान्वयन गरेर जानुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ १८ गते शनिबार ३ सेप्टेम्बर २०२२ । भाद्र शुक्लपक्ष सप्तमी । नलाब्ध ११४२ । सूर्योदय: ५:४४, सूर्यास्त: ६:२१ मा हुनेछ । गौरापर्व/महालक्ष्मी व्रतारम्भ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : खर्च र दु:ख बढ्नेछ | तुला | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| वृष | : वस्त्र-भोजन प्राप्त हुनेछ | वृश्चिक | : राजनीतिमा सफलता मिल्नेछ |
| मिथुन | : योजना कार्यान्वयन हुनेछ | धनु | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कर्कट | : व्यापार राम्रो चल्नेछ | मकर | : मनमा शङ्का बढ्नेछ |
| सिंह | : मीठो खाने अवसर मिल्नेछ | कुम्भ | : सञ्चित धन खर्च हुनेछ |
| कन्या | : गरेको कार्यमा सफलता मिल्नेछ | मीन | : आफन्तले कुरा काट्नेछन् |

# अस्थायी कर्मचारी स्वत: स्थायी गर्ने हो त ?

**विधेयक सरकारकै प्रस्तावअनुसार हुबहु पारित भएसँगै प्रदेश सरकार मातहत हालसम्म कार्यरत करिब ६ सय ३९ अस्थायी कर्मचारी स्वत: स्थायी हुनेछन् ।**



केशवकुमार मलाशी

मुलुक तीन तहको शासकीय संरचनासहित संघीयता शासन पद्धतिमा यात्रारत छ । नयाँ शासकीय संरचनासँगै कर्मचारी भर्ती नियमित हुने नै भए । पछिल्लो समय सरकारी निकायमा अस्थायी र करारमा कर्मचारी लिने प्रवृत्ति मौलाएको छ । संघीय सरकारसँगै प्रदेश सरकारका मन्त्रालय, निकाय, एकाइ र स्थानीय सरकारले पनि अस्थायी कर्मचारी माग गरिरहेका सूचना दैनिकजसो हामीले पढ्न पाइरहेका छौं ।

सविधानत: लोकसेवा आयोग ऐनअनुसार निजामती सेवाबाट काम गराउनुपर्ने ठाउँमा अस्थायी कर्मचारी लिन पाइँदैन । बढीमा ६ महिनाका लागि अस्थायी कर्मचारी लिएर काम गराउन सकिन्छ, त्यो पनि लोकसेवाको सिफारिसमा मात्र गर्ने व्यवस्था नीतिगत रूपमा स्पष्ट छ । अझ स्थायी कर्मचारीको हकमा त लोक सेवामार्फत नै लिनुपर्ने संवैधानिक व्यवस्था छ ।

यही सवैधानिक व्यवस्थाअनुसार आजभन्दा ठीक चार वर्ष पहिले सुदूरपश्चिम प्रदेशसभाको २०७६ साउन ७ गते बसेको बैठकले नेपालको संविधान धारा १९९ बमोजिम सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ मा बनाएको थियो । जसको परिच्छेद २ को दफा ७ मा आयोगको काम, कर्तव्य, अधिकार अन्तरगत प्रदेश निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ भनेर लेखिएको छ । साथै प्रद्रेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तको विषयमा आयोगको परामर्श लिनुपर्ने प्रस्ट भनिएको छ ।

उक्त कानुनी व्यवस्थाको ठाडो उपहास हुने गरी २०७९ भदौ १३ गते सोमबार बसेको सुदूरपश्चिम प्रदेश सभाले निजामती सेवाको गठन, सञ्चालन तथा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अर्को विधेयक पारित गरेको छ । प्रदेश सभाको १० औं अधिवेशनको २५ औं बैठकमा सभामुख अर्जुनबहादुर थापाले ध्वनि मतका आधारमा विधेयक पारित भएको घोषणा गरे । प्रदेश सभाबाट बहुमतका साथ पारित भएको विधेयकलाई प्रदेश प्रमुखले प्रमाणीकरण गरेर कानुनको रूप लिनेछ भने प्रदेश सरकारले आफैंले नियुक्त गरेका अस्थायी तथा करार सेवाका कर्मचारीलाई सिधै स्थायी गर्ने गरी अगाडि बढेको छ । विधेयक सरकारकै प्रस्तावअनुसार हुबहु पारित भएसँगै प्रदेश सरकार मातहत हालसम्म कार्यरत करिब ६ सय ३९ अस्थायी कर्मचारी स्वत: स्थायी हुनेछन् । यद्यपि, प्रदेश सभाको विधायन तथा प्रदेश मामिला समितिले करार तथा अस्थायी कर्मचारीलाई प्रदेश लोक सेवा आयोगमार्फत स्थायी पदपूर्ति गराउन सुझावसहितको प्रतिवेदन सभामा पेस गरेको अवस्था थियो ।

नेपालको संविधान बमोजिम संघीय संसद्ले बनाएको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई आधार बनाई नेपालको संविधानको धारा २४४ को उपधारा ९२० बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले आफैंले बनाएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ अनुसार प्रदेश प्रमुखबाट २०७७ चैत ९ गते आयोगको पूर्ण गठनपश्चात् आयोगले पूर्णता प्राप्त भई कार्य आरम्भ भएको करिब २ वर्ष बितिसक्दा भर्खरै जारी गरिएको यो विरोधाभाषपूर्ण विवादित विधेयकले प्रदेश भरी निजामती सेवा प्रशासनमाथिको जनविश्वास र यसले देशभरि नै जाने सन्देशबारेमा व्यापक छलफल हुन आवश्यक देखिन्छ ।

संविधानको धारा २४३ बमोजिम निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा लोकसेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था र प्रदेश सभाद्धारा नै पारित भएको प्रदेश लोक सेवा आयोग ऐन बमोजिम उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीगत विकास अवधारणाको धज्जी उडाएको छ । यसरी आफूखुसी तथा राजनीतिक पहुँचका भरमा स्वत: स्थायी बनाउँदा केही सीमित औंलामा गन्न सकिने व्यक्ति, मत समूहलाई क्षणिक फाइदा पुगे पनि समग्र रूपमा सबैका लागि कदापि न्यायोचित हुन सक्दैन ।

एकातिर प्रदेश सभाबाट पारित भएका एउटै प्रकृतिका विधेयकहरूलाई प्रदेश प्रमुखले आफैंले प्रमाणीकरण गरेर कानुनको रूप लिई प्रदेशभरि लागू गर्नुपर्ने अवस्थामा यस किसिमको दोहोरो चरित्रले सभाको उपादेयता र जवाफदेहितामा ठूलो प्रश्न चिन्ह खडा गरेको छ । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टको नेतृत्वको सरकारले कार्यभार सम्हालेको पाँच वर्ष पुग्रुनै लाग्दा कर्मचारी अभावले जनअपेक्षा अनुसारका काम गर्न नसकेको कारण देखाउँदै प्रदेश सरकारले हालसम्म ६ सय ३९ जना अस्थायी कर्मचारी पदपूर्ति गरेको थियो । तर २ वर्षदेखि मुख्यमन्त्री आफैं सिफारिस समिति अध्यक्ष रहेको प्रदेश लोकसेवा आयोग अध्यक्ष र सदस्यहरू नियुक्ति गरिसक्दा पनि प्रदेश लोकसेवाको काम, कर्तव्य र अधिकारलाई कत्तिको अगाडि बढाइएको छ भन्ने सवाल जनमानसमा उठिरहेको छ ।

प्रदेश मुख्यमन्त्री भट्टले नयाँ सचिव आउनेबित्तिकै करार र स्थायी रूपमा रहेका कार्यालय सहयोगी तथा सवारी चालक हटाउने प्रवृत्ति रहेको, लामो समय कार्यालयमा सेवा गरेका श्रेणीविहीन, कार्यालय सहयोगी, सवारी चालक रित्तै घर जानुपर्ने बाध्यतालाई प्रोत्साहन गर्न पनि ऐनमै स्थायी बनाउने प्रावधान राखिएको हो भनेर प्रस्ट्याउँदै गर्दा लोक सेवा आयोगको सल्लाह सुझावबमोजिम व्यवस्था गर्न सकिने

**सरकारी र सार्वजनिक संस्थानहरूमा सवैधानिक व्यवस्था भएबमोजिम लोकसेवा आयोगसँग परामर्श नगरी कर्मचारी पदपूर्ति भइरहेको विषयमा प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले चासो देखाएको छ कि छैन ?**

प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम सुदृढ र सेवामुखी बनाउन सिर्जित लोकसेवा आयोगको औचित्य र भूमिकामाथि एकातिर प्रश्न उठेको छ । साथै अर्कोतिर देशमै बसेर देशको स्थायी सरकारका रूपमा परिचित कर्मचारीतन्त्रमार्फत् राष्ट्र-सेवामा समर्पित हुने गरी वर्षौंदेखि दिनरात, मिहेनत, परिश्रम लागि परेका लाखौं लोकसेवा तयारीकर्ताहरूमाथि फेरि एकपटक नैराश्य र वितृष्णा थपेको देखिन्छ ।

स्वच्छ प्रतिस्पर्धाबाट कर्मचारी पदपूर्ति गर्ने गरि प्रदेश सरकारले आफैंले जारी गरेको ऐन-कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रदेशको विकास र समृद्धिमा ध्यान दिनुपर्ने अवस्थामा करार तथा अस्थायी कर्मचारीमा सरकारका मन्त्रीसँगै पहुँचवालाहरूले आ-आफ्ना मान्छे र कार्यकर्ता भर्ना गर्दा कानुनी राज्य, नीतिगत व्यवस्था, आन्तरिक प्रतिस्पर्धा वा अन्य उत्तम वैकल्पिक बाटो अघि बढ्ने कुनै सोच-विचार नै गर्न सकिएको छैन भन्ने लाग्छ ।

संघीय सरकारले समेत पदमा स्थायी रूपमा कर्मचारी पदपूर्ति नगरेको अवस्थामा सुदूरपश्चिम प्रदेश सरकारले करार तथा अस्थायी कर्मचारीलाई स्वत: स्थायी गराउने गरी विधेयक ल्याउनु असान्दर्भिक सँगै उपयुक्त बाटो हुँदै होइन । यसले अन्य प्रदेशहरूमा जाने सन्देश भनेको सुदूरपश्चिम प्रदेशको नीतिगत, कार्यगत शैली, कार्यान्वयन तौरतरिकामाथिको अक्षमतासँगै नातावाद र कृपावादलाई प्रश्रय नै हो । जसले जनतामा बढ्दै गएको प्रदेश संरचनामाथिको वितृष्णालाई अझ बढावा दिनेछ र संघीयता कार्यान्वयनमै थप जटिलता उत्पन्न गराउनेछ । प्रदेशमा छ सय बढी अस्थायी कर्मचारी भर्ना गर्दै विधेयकमार्फत स्वत: स्थायीको बाटोमा लोकसेवा छलेर जाँदै गर्दा प्रदेशस्तरमै झण्डै अझै आठ सय बढी कर्मचारी रिक्त भएको विषयमा कतै यही परिपाटी लागू गर्नेतिर जाने त होइन भन्ने संशय बढेको छ । कर्मचारी अभाव कायमै रहेको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार प्रदेश मन्त्रालय मातहत स्थायी तथा अस्थायी गरी तीन हजार एक सय २९ दरबन्दी स्वीकृत रहेकोमा आठ सय ५४ पद रिक्त रहेको तथ्यांक छ ।

झन् त्यसमाथि प्रदेशमा सबैभन्दा बढी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा कर्मचारी पद रिक्त छ । उक्त मन्त्रालयमा करार र स्थायी दरबन्दी गरी नौ सय १० कर्मचारी दरबन्दी स्वीकृत भएकामा चार सय २५ पद रिक्त रहेको तथ्यांकले देखाउँछ, तर विगत ४ वर्षदेखि सो क्षेत्रको लोकसेवा पूर्ण रूपमा ठप्प भइदिँदा हजारौं विद्यार्थी विदेश पलायन र बेरोजगारीको मारमा परेको तथ्यमाथि प्रदेश सभाले हो कि प्रदेश लोकसेवा आयोगले सुनुवाइ गर्छ कि फेरि अस्थायी करारको नाम यस्तै पद्धति जारी राख्छ ? प्रश्न खडा भएको छ ।

संघीय सरकारदेखि प्रदेश सरकार अनि स्थानीय सरकारहरू गरी देशमा ७६१ वटा सरकार छ । एउटा सरकारले गरेको काम अर्कोले अनुगमन गर्नेसँगै केन्द्रीय नीति जसमा अस्थायी र करारमा कर्मचारी नलिने केन्द्रीय नीति छ जुन सबै संरचनाले लागू गर्नुपर्ने हो । तर सरकारी र सार्वजनिक संस्थानहरूमा सवैधानिक व्यवस्था भएबमोजिम लोकसेवा आयोगसँग परामर्श नगरी कर्मचारी पदपूर्ति भइरहेको विषयमा प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले चासो देखाएको छ कि छैन ?

नयाँ कर्मचारी नियुक्ति नगर्ने सरकारको घोषित नीति छ । २०७७ वैशाख १४ गतेको यो निर्णय कार्यान्वयन हुँदा अस्थायी र करारमा सरकारी जागीर खुलेको विज्ञापन कतै पनि नआउनुपर्ने हो, तर विडम्बना आइरहेको छ । देशभर २० हजारभन्दा बढी करार सेवामा कर्मचारी छन् । के सुदूरपश्चिम प्रदेश सरकारको व्यवस्थालाई अनुमोदन गर्दै निर्णय एउटा काम अर्को गर्दै ती सबै २० हजारभन्दा बढी करार तथा अस्थायी सेवाका कर्मचारीलाई स्थायी बनाउने बाटोतिर सरोकारवाला सबै निकाय अगाडि बढेकै हो त ?

निजामती प्रशासनमा गुणस्तरीयता, स्वच्छता, नैतिकता, सदाचारिता, सकारात्मकता, चुस्त दुरुस्त सेवा प्रभाव अभिवृद्धि गर्नेसँगै निजामती कर्मचारीको वृद्धि विकासमा वकालत गर्ने गरी गठन भएका निजामती सेवा क्षेत्रकै विभिन्न कर्मचारी संघ-संगठनहरूको यो विषयमा प्रस्ट धारणा के छ ? के यस्तै तरिकाको प्रवृत्ति मौलाउँदै गर्दा निजामती सेवाको सेवा प्रवाह र वृद्धि विकासमा टेवा पुग्छ त ?

देशमै केही गरुम भन्ने वर्ग कराइरहेकै छन् । तर लोकसेवा छलेर अस्थायी र करारमा कर्मचारी लिने क्रम रोकिएन भने लाखौं युवाहरूको आवाज बुलन्द कसरी गर्ने र त्यसमाथि संसद्ले विशेष बहस गर्छ कि गर्दैं भन्ने विषयमा लोकसेवा तयारीकर्ताहरूले आफू, सरोकारवाला निकाय अनि संसद्लाई यस्तै तमाम प्रश्नहरू सोधेर परीक्षा लिनुपर्ने बेला आएको छ । -साभार: इकागज

# निर्वाचनको लागि 'टिकट विज्ञापन'को माहोल



बालकृष्ण मैनाली

आगामी संघीय र प्रदेशसभाको निर्वाचन आउन अब तीन महिना पनि बाँकी छैन । केही उम्मेदवारका आकांक्षीहरुले आ-आफ्ना उम्मेदवारीहरु पनि घोषणा गरिसकेका छन् र त्यसको प्रचार प्रसारमा पनि लागिपरिसकेका छन् । यसपालिको निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिहरुलाई आफ्नो आस्था, बानी, व्यहोरा र सिद्धान्त अनुसार लागिपर्न टिकटको विज्ञापन पनि भएको छ ।

विज्ञापन दुई किसिमबाट हुन थालेको छ । पहिलो- खुल्ला विज्ञापन र दोस्रो गोप्य विज्ञापन । खुल्ला विज्ञापन अन्तर्गत नयाँ खुलेका दलहरु र स्वतन्त्र समूहहरुले आगामी निर्वाचनमा उम्मेदवार हुन चाहनेहरुलाई आफ्नो योग्यता र क्षमता प्रदर्शन गरी नि:शुल्करुपमा टिकट लिई देशमा देखिएको बेथितिलाई अन्त्य गर्नमा लागिपर्न खुल्ला आह्वान गरेको छ भने गोप्यरुपमा गरिएको विज्ञापन विशेष गरी पुराना भनिएका दलहरुसँग सम्बन्धित रहेको छ ।

पुराना दलहरुको आनिबानी अनुसार र जित्न सक्ने स्थानहरुसमेतलाई पहिचान गरी दलहरुका व्यापारिक बिचौलियाहरुले तोकेको मूल्य बुझाउन सक्ने व्यक्तिहरुले टिकट पाउने छन् । सामान्यतया पुराना दलहरुबाट टिकट लिएर निर्वाचनमा होमिन चाहने उम्मेदवारहरुले कम्तीमा केही करोडको जोहो गरी गोप्य विज्ञापनमा आवेदन दिए हुने कुराको सांकेतिक विज्ञापन भैसकेको छ । माओवादी, कांग्रेस, एमाले, मधेसवादी, समाजवादी र संयुक्तरुपमा गठबन्धनवादीहरुमा केही करोडको जोहो नगरी टिकट प्राप्त भइहाल्ला भन्नेमा न त उम्मेदवारका आकांक्षीले परिकल्पना गर्लान्, न त उम्मेदवारको टिकट बिक्रीमा ठेक्का पाएका ठेकेदारले ठेक्का छोड्लान् ।

पुराना दलहरुमा सकारात्मक परिवर्तनको संकेत देखा पर्न हम्मे-हम्मे परिसकेको छ । निर्वाचनको लागि मनोनयनपत्र दाखिला गर्ने दिन जति-जति नजिकिँदै जान्छ उति-उति विशेष गरी पुराना दलहरुमा टिकट किनबेचको प्रसंग सार्वजनिक हुँदै जानेछ । यसको लागि केही समय प्रतीक्षा गनुपर्ने छ । बहुदलीय व्यवस्था लागू भएदेखि आजको दिनसम्म आइपुग्दा जनमत के कुरामा ढुक्क भएको छ भने, पुराना दलका राजनीतिक व्यवसायीहरूले जे-जस्तो खोल ओढेर जेसुकै क्रियाकलाप गरे पनि सबै प्रकारका राजनीतिक व्यवसायीहरूले तिनका परिवारका सदस्यहरू अनि आफ्ना वरपरका कार्यकर्ताहरूको माध्यमबाट देशको समस्या सम्बोधनभन्दा पनि देशको ढुकुटी दोहनमा मात्र लागिपरेको हो भन्ने कुरा हेक्का राखेका छन् ।

त्यही भएर भ्रष्टाचार नियन्त्रणको सवालमा उनीहरु कहिल्यै पारदर्शी हुन चाहँदैनन् । यसको मुख्य कारण एउटै हो, यदि भ्रष्टाचारका विषयलाई सम्बोधन गरियो भने आफ्ना मान्छे कानुनी कठघरामा उभिन पुग्छन् भनेर इमानदार कहलिएका पुराना दलका राजनीतिक व्यवसायीहरूले पनि यसका विरुद्ध आवाज उठाउने हैसियत राख्न सकेका छैनन् । राजनीतिक व्यवसायीहरूले गर्ने कथित आन्दोलनहरू आफू सत्तामा पुग्ने महत्वकांक्षाबाट मात्रै लक्षित हो भन्ने कुरा जनमतले बुझिसकेको छ । राजनीतिक व्यवसायीहरूले गर्ने आन्दोलनका नाउँमा जोसुकै जुनसुकै किसिमबाट प्रताडित भए पनि अथवा मृत्युवरण गरे पनि राजनीतिक व्यवसायीहरूबाट खोक्रो अश्वासन र देखावटीको लागि केही आर्थिक सहायतादेखि बाहेक देशको समस्याको बारेमा सामूहिक सम्बोधन हुन्छ भन्ने कुराको विश्वास जनमतमा छँदै छैन ।

यस्तो विश्वास दिलाउन सक्ने खूबी भएका नेताहरू पुराना दलमा नभएका होइनन् तर दुर्भाग्य नै मान्नुपर्दछ कि यी मध्ये कोही दिवंगत भैसके भने कोही पर्दापछाडि पारिएका छन् । पर्दापछाडि पारिएकाहरूको लागि त सम्बन्धित दलमा कुनै अस्तित्व छैन भने पनि हुन्छ । उदाहरणको निमित्त भर्खरै दिवगत भएका नेपाली कांग्रेसका प्रदीप गिरीले आफ्नो जीवनकालमा खेलेका कतिपय इमानदारी भूमिकाहरु कम थिएनन् तर उनको इमानदारी आवाजलाई नेपाली कांग्रेसले ग्रहण गर्नै सकेन । यदि ग्रहण गर्न सकेको हुन्थ्यो भने कम्तीमा देश यो दुरावस्थामा पुगेको हुँदैनथ्यो ।

अब देशमा पुराना दलका राजनीतिक व्यवसायीहरूलाई सत्तामा मात्र पुऱ्याउन युवाहरूको बलिदानको आवश्यकता छँदै छैन भन्ने कुरा जगजाहेर भैसकेको छ । कुनै पनि विधाको माध्यमबाट वा कसैको गुलियो बचन वा भाषणबाट अभिप्रेरित भएर पुराना राजनीतिक व्यवसायीहरूको दास बनिरहनु आजका युवाहरूको भूल साबित हुनेछ । बरु त्यसको सट्टा स्वतन्त्र युवा नागरिक समाजको नेतृत्व बहन गरी स्वतन्त्र नागरिकले सरकारको सदस्यको भूमिका निभाउनु श्रेयष्कर मानिन्छ ।

यसका केही संकेत त देखिइसकेका छन् तर स्वतन्त्रकै नामबाट एक-आपसमा निर्वाचनमा भिड्ने हो भने फेरि तिनै पुराना दलका राजनीतिक व्यवसायीहरुलाई नै फाइदा हुने अनि तिनीहरु नै सत्तामा पुग्ने अवस्था सिर्जना हुन जान्छ । यदि त्यस्तो हुन पुग्यो भने जनताले मत दिएको कुरालाई अगाडि सार्दै आफूले विगतमा गरिआएका प्रत्येक गलत कामहरुलाई ढाकछोप गर्न पाउने अवसरको रुपमा पुराना राजनीतिक व्यवसायीहरुले ग्रहण गर्नेछन् र राम्रो काम गरेको कारण जनताले हामीलाई पुन: जिताएको भन्दै भ्रम छर्नेछन् ।

यो कुरालाई स्वतन्त्र नामका उम्मेदवारहरु र नयाँ दलबाट उम्मेदवारका निमित्त प्रस्तुत हुने उम्मेदवारहरु र आम मतदाताहरुले गम्भीर सोच र समीक्षा गर्नु आवश्यक छ । अहिलेको आवश्यकता भनेको स्वतन्त्र नागरिक सरकार नै हो । यो विषयलाई पुराना दलका नेतृत्व तह र तिनका चेलाचपेटाहरुले स्वतन्त्र भनेको निर्दलीय हो, तिनीहरुको कुनै सिद्धान्त र वाद छैन भन्दै होच्याउँदै भाष्य परिवर्तनमार्फत जनमतलाई भ्रमित पार्ने प्रयास गर्दै छन् । पुराना दलका नेतृत्व तह र तिनका चेलाचपेटाहरुलाई यो कुरा थाहा छ कि जे-जस्तो भ्रम छरेर भए पनि सत्ता आफ्नो हातमा पार्न सकिएन भने आफूले मोजमस्ती गरिआएको सत्ता सम्भवत: सधैंको लागि गुम्नेछ भन्ने आंशकाले उनीहरुमा छटपटाहट पैदा भइसकेको छ । अहिलेको अवस्थामा पुराना राजनीतिक व्यवसायीका सदस्यहरूले देशमा देखा परिरहेको समस्याको हल त परै जाओस्, के भएर हो अथवा कोदेखि तर्सेर हो समस्याको सम्बोधन गर्न अलिकति पनि चासो देखाइरहेका छैनन् । भर्खरै स्थानीय निर्वाचनमार्फत स्थानीय सरकारको बागडोर सम्हालेका कांग्रेस, कम्युनिस्टहरुको करिबन तीन महिनाको अवधिलाई हेर्दा र मूल्यांकन गर्दा तिनीहरुले खासै सार्थक अनुभूतिको संकेत दिन सकिरहेका छैनन् । अझै पनि उसले मलाई हरायो, त्यसलाई बदला लिनुपर्छ, उसले मलाई जितायो, त्यसलाई पुरष्कृत गर्नुपर्छ भन्ने आशयले घर गरिरहेको देखिन्छ । निर्वाचितहरुले अब म स्वतन्त्र हुँ, कसैको दबाबमा नपरी सुशासनको प्रत्याभूति दिन्छु भन्ने हिम्मत देखाउन सकिरहेका छैनन् ।

केहीलाई छोडेर कष्टकर जीवनयापनबाट गुज्रिरहेका देशका जनताको मुहार तत्कालीन शान्ति-सम्झौताको कारण अलि खुशीले चम्केको अनुभूति गरिएको थियो । संविधानसभाको निर्वाचनमार्फत जुनसुकै राजनीतिक व्यवसायीले राज्यको स्रोतमा कब्जा जमाए पनि निर्वाचित भएपश्चात् निर्वाचितहरुले कम्तीमा देशमा देखापरिहेको द्वन्द्वको अन्त्य गराई सुशासनको प्रत्याभूति प्रदान गर्नेछन् भन्ने मान्यताबाट अभिप्रेरित भई र तत्कालीन विद्रोही पक्षमा दरिएका तत्कालीन माओवादी र सरकारबीच भएको शान्ति-सम्झौताको कारणले जनताको मुहारमा खुशी छचल्किएको थियो भन्दै विगतलाई सम्झनेहरु आफ्ना भावनाहरु व्यक्त गर्ने गर्दछन् ।

द्वन्द्वलाई विर्सजन नै गर्ने उद्देश्यले जनताले त्यति बेला संविधानसभाको निर्वाचनमा द्वन्द्वरत पक्षहरुलाई पनि राम्रै मत दिई द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न मनग्गे सहयोग गरेका थिए । त्यति बेला राज्य जनप्रतिनिधिविहीन बनेको बीसौं वर्ष पुगेको अवस्था थियो । तत्कालीन सरकार भए तापनि जनताबाट निर्वाचित भएका थिएनन् र पुरानै निर्वाचनको सुगारट लगाउँदै राजनीतिक व्यवसायीहरुले र कर्मचारीहरुले राज्यको स्रोतमा हालिमुहाली चलाइरहेका थिए ।

-बाँकी ३ पेजमा...

# साफ च्याम्पियनसीप: उपाधिको खडेरी तोड्ने दाउमा नेपाल

## गोल गर्ने रणनीतिका साथ टोलीलाई मैदान उतार्ने दाबी



काठमाडौं/ नेपालमा आयोजना हुन लागेको साफ महिला च्याम्पियनसीपका लागि नेपाली टोली अहिले बन्द प्रशिक्षणमा छ । अघिल्लो संस्करणमा उपविजेता भएको नेपालले घरेलु मैदानमा आयोजना हुने प्रतियोगितामा उपाधि उचाल्ने लक्ष्य लिएको छ ।

प्रशिक्षक कुमार थापाले दशरथ रंगशालामा हुने प्रतियोगितामा उपाधि उचाल्दै उपाधिको खडेरी तोड्ने बताएका छन् । दक्षिण एशियाली महिला फुटबलको सबैभन्दा ठूलो प्रतियोगिताको रुपमा हेरिने महिला साफ च्याम्पियनसीप नेपालमा आयोजना हुँदैछ । त्यसका लागि भुटान र पाकिस्तानी टोली नेपाल आईपुगेका छन् भने केही टोली आउने तालिका नजिकिँदै छ । नेपाली टोली भने घरेलु मैदानमा आयोजना हुन लागेको प्रतियोगितामा उपाधि उचाल्ने रणनीतिका साथ तयारीलाई तीव्रता दिइरहेको छ ।

प्रतियोगिता शुरु हुन अब एक हप्ता मात्र बाँकी छ । साफ प्रतियोगिताका लागि अन्तिम टोलीको नाम पनि सार्वजनिक भइसकेको छ । नेपालले घोषणा गरेको टोलीमा नियमित कप्तान रेनुका नगरकोटी र डिफेन्डर पूजा राना चोटका कारण बाहिरिन पुगेका छन् भने रेखा पौडेलले टिममा पुनरागमन गरेकी छिन् । नेपाली टोलीलाई नियमित प्रशिक्षण गराइरहेका प्रशिक्षक कुमार थापाले उपाधिको खडेरी तोड्ने र ट्रफी नेपालमा नै राख्ने गरी तयारी गरेको बताएका छन् ।

सात साताको प्रशिक्षणका क्रममा विविध बाधाहरु भएपनि टोलीलाई मजबुत बनाउने प्रयास गरेको उनले बताए । प्रशिक्षक थापाले कम भन्दा कम गल्तीहरु गर्नेमा आफू केन्द्रित भएको र गोल गर्ने रणनीतिका साथ टोलीलाई मैदान उतार्ने दाबी गरे । पहिलो प्राथमिकता भुटानसँग भएको बाँकी खेलका लागि तत्काल रणनीति तयार गरेर टोली अगाडि बढ्ने प्रशिक्षक थापाले सुनाए ।

साफले सार्वजनिक गरिसकेको समूह अन्तर्गत साविक विजेता भारत, माल्दिभ्स, बंगलादेश र पाकिस्तान समूह ए मा रहेका छन् भने आयोजक नेपाल समूह बीमा रहेको छ । नेपाल रहेको समूहमा श्रीलंका र भुटान अटाएका छन् । यस संस्करण पाकिस्तान पनि समावेश भएको छ । अघिल्लो संस्करणमा प्रतिबन्धका कारण सहभागी हुन नपाएको पाकिस्तानी टोलीले मजबुत प्रदर्शन गर्ने धेरैले अपेक्षा राखेका छन् । टोलीमा तीन नयाँ अनुहारले स्थान बनाएका छन् । घरेलु मैदानमा आयोजना हुन लागेको प्रतियोगिताको तयारी राम्रो भइरहेको र उपाधि जित्नेमा विश्वस्त भएको नेपाली टोलीका सदस्य सावित्रा भण्डारीले बताइन् ।

महिला साफको १२ वर्षे इतिहासमा नेपाल पटकपटक फाइनल प्रवेश गरेपनि उपाधि जित्न सकेको छैन । महिला साफका पाँच संस्करणमा नेपाल चारपटक उपविजेता बनेको छ । पाँचै पटक भारतले उपाधि जितेको छ । सन् २०१६ को महिला साफमा मात्र नेपालले फाइनल खेलेको थिएन । नेपालले आफ्नो दोस्रो तथा समूहचरणको अन्तिम खेल भदौ २८ गते श्रीलंकासँग खेल्नेछ ।

समूहचरणको खेलपछि समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन् । प्रतियोगिताको पाँचौं संस्करण सन् २०१९ मा विराटनगरमा आयोजना भएको थियो । उक्त संस्करणमा फाइनल यात्रा तय गरेको नेपालले भारतलाई नतिजा सुम्पिँदा नेपाल उपविजेतामा खुम्चिनुपरेको थियो । -साभार: इकागज

# बन्द हुँदै फेसबुकको गेमिङ एप




काठमाडौं/ सोसल मिडिया प्लाटफर्म फेसबुकले आफ्नो गेमिङ एप बन्द गर्ने भएको छ । आगामी अक्टोबर २८ देखि एन्ड्रोइड तथा आइओएस दुवै प्लाटफर्ममा यो एप डाउनलोड गर्न सकिने छैन ।

स्मरण रहोस् फेसबुकले कोरोना महामारीको समयमा दुई वर्ष अगाडि उक्त गेमिङ एप लञ्च गरेको थियो । यो एपको मद्दतले अरु कुनै गेम एप डाउनलोड नगरिकनै गेम खेल्न सकिन्छ । यसलाई गुगल प्ले स्टोरबाट नि:शुल्क डाउनलोड गर्न सकिन्छ ।

मेटा कम्पनी स्वामित्वको फेसबुकले मंगलबार आफ्नो गेमिङ एप बनद गर्ने घोषणा गरेको हो । गेमिङ स्ट्रिमिंग बजारमा अत्यन्तै धेरै प्रतिस्पर्धा रहेको र आफ्नो गेमिङ एप प्रतिस्पर्धा गर्न असमर्थ बनेको फेसबुकको स्वीकारोक्ति छ ।

तथापि यो एपलाई गेमर्स तथा फ्यानहरुले विशेष रुपमा मन पराएको फेसबुकको दाबी छ । त्यसका लागि फेसबुकले धन्यवाद ज्ञापन गरेको छ । गेमिङ एप बन्द गरेपनि फेसबुकको गेमिङ सेक्सनमा गएर आफ्ना गेम, स्ट्रिमर्स ग्रुप तथा गेमिङ ग्रुप हेर्न सकिने फेसबुकले जनाएको छ ।

यो गेमिङ एप सन् २०20 को अप्रिलमा लन्च भएको थियो । फेसबुकले यो गेम एपलाइ Facebook Gaming : Watch, Play and Connect नाम दिएको थियो । लकडाउनको समयमा अनलाइन गेमिङ तथा भिडियो स्ट्रिमिङको लोकप्रियतालाई ध्यानमा राख्दै फेसबुकले यो गेमिङ एप ल्याएको थियो ।

पछिल्लो तथ्यांक अनुसार यो वर्षको दोश्रो त्रैमासिकमा गेमिङ बजारमा ७६.७ प्रतिशत हिस्सा सहित ट्वीचको दबदबा रहेको छ ।

त्यस्तै १५.४ प्रतिशत बजार हिस्सा सहित युट्युब दोश्रो स्थानमा रहँदा फेसबुक गेमिङको हिस्सेदारी केबल ७.९ प्रतिशत छ । त्यसैले गेमिङको क्षेत्रमा असफल भएसँगै कम्पनीले यो एप बन्द गर्ने निर्णय गरेको हो । *-एजेन्सीको सहयोगमा*

# चार सय ४६ स्थानीय तहमा पूर्ण विद्युतीकरण

काठमाडौं, १६ भदौ (रासस)/ हरेक नेपालीको घरमा बिजुली पुऱ्याउने सरकारको योजना क्रमश: पूरा हुने चरणमा अगाडि बढेको छ । सरकारको योजनाअनुसार नै काम भएको खण्डमा आगामी दुई वर्षभित्र बाँकी रहेका सबै नेपालीको घरमासमेत स्वच्छ ऊर्जाको पहुँच पुग्नेछ ।

सात सय ५३ स्थानीय तहमध्ये हालसम्म कूल चार सय ७६ स्थानीय तहमा पूर्णरूपमा विद्युतीकरण भएका छन् । त्यस्तै दुई सय ४२ स्थानीय तहमा आंशिकरूपमा विद्युतीकरण भएको छ । आंशिकरूपमा विद्युतीकरण भएका स्थानीय तहमा पूर्णरूपमा सेवा उपलब्ध गराउने योजनाका साथ सरकार र नेपाल विद्युत् प्राधिकरण लागिपरेको छ ।

यस्तै ३५ स्थानीय तहमा प्राधिकरणले विद्युत् सेवा उपलब्ध गराउन सकेको छैन । ती स्थानीय तहलाई केन्द्रमा राखेर प्राधिकरणले योजनाबद्ध प्रयास गरिरहेको छ । विशेषगरी कर्णालीका केही स्थानीय तहमा बिजुली उपलब्ध हुनसकेको छैन । ती क्षेत्रमा बिजुली पुऱ्याउनका लागि प्राधिकरणले रु २८ अर्ब बराबरको स्रोतको प्रबन्ध गरी बोलपत्रसमेत गरिसकेको छ । आगामी दुई वर्षभित्र सबै स्थानीय तहमा बिजुलीको सहज पहुँच पुऱ्याउने प्राधिकरणको तयारी छ ।

प्राधिकरणले मुलुकभरका स्थानीय तहका गाउँपालिका र नगरपालिका वडासम्मको विस्तृत अध्ययन गरी तयार पारेको विद्युतीकरण तथ्याङ्क, २०७९ अनुसार कुल जनसंख्याको ९२ दशमलव ५१ प्रतिशतमा विद्युत्को पहुँच पुगेको छ । विद्युत्को पहुँच पुगेकामध्ये ९२ दशमलव ३७ प्रतिशत राष्ट्रिय ग्रिडबाट र शून्य दशमलब १४ प्रतिशतले ग्रिडभन्दा बाहिरबाट विद्युत् पाएका छन् । सबैभन्दा बढी मधेस प्रदेशमा ९९ दशमलव ९५ र सबैभन्दा कम कर्णाली प्रदेशमा ५६ दशमलव ७९ प्रतिशत विद्युतीकरण भएको छ । विवरणानुसार प्रदेश नं १ मा ९१ दशमलव २३ प्रतिशत, बागमतीमा ९७ दशमलव ४७, गण्डकीमा ९७ दशमलव ७६ प्रतिशत, लुम्बिनीमा ९६ दशमलव ७३ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ७८ दशमलव ८५ प्रतिशत क्षेत्रमा विद्युतीकरण भएको छ ।

कुल ७७ जिल्लामध्ये ४२ जिल्ला पूर्ण विद्युतीकरण भएको छ । झापा, मोरङ, सुनसरी, धनकुटा, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, रामेछाप, दोलखा, काभ्रेलाञ्चोक, सिन्धुपाल्चोक, काठमाडौं, भक्तपुर र ललितपुर सार भूतरूपमा विद्युतीकरण भएका जिल्ला भएको प्राधिकरणको भनाइ छ ।

यसैगरी नुवाकोट, रसुवा, धादिङ, चितवन, तनहुँ लमजुङ, कास्की, स्याङ्जा, पाल्पा, पर्वत, मुस्ताङ, बागलुङ, गुल्मी, प्यूठान, नवलपरासी (बर्दघाट सुस्तापूर्व), नवलपरासी, रुपन्देही, अर्घाखाँची, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरमा सारभूतरूपमा विद्युतीकरण भएको छ ।

इलाम, पाँचथर, तेह्रथुम, संखुवासभा, खोटाङ, उदयपुर, सिन्धुली, मकवानपुर, गोरखा, पाल्पा, म्याग्दी, रुकुमपश्चिम, डोटी र डडेलधुरा गरी १४ जिल्लामा ७५ देखि ९५ प्रतिशत विद्युतीकरण भएको छ । ताप्लेजुङ, भोजपुर, ओखलढुङ्गा, मनाङ, रोल्पा, सल्यान, सुर्खेत, दैलेख, अछाम र दार्चुला गरी १० जिल्लामा ५० देखि ७५ प्रतिशत विद्युतीकरण भएको छ ।

रुकुमपूर्व, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ र बैतडी गरी सात जिल्ला २५ देखि ५० प्रतिशत विद्युतीकरण भएका जिल्लामा पर्दछन् । सोलुखुम्बु, डोल्पा, जाजरकोट र बाजुरा गरी चार जिल्लामा २५ प्रतिशतमात्र विद्युतीकरण भएको छ । डोल्पा, मुगु र हुम्लामा अझैसम्म राष्ट्रिय ग्रिड पुग्नसकेको छैन । राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन नसकिने ठाउँमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत सौर्य, लघुजलविद्युत (माइक्रोहाइड्रो)लगायतमार्फत विद्युतीकरण गर्ने सरकारको कार्यक्रम छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी दुई वर्ष (सन् २०२४) भित्र सबै नेपाली जनतामा भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पुऱ्याउने सरकारको घोषणालाई पूरा गर्न योजनाबद्धरूपमा काम भइरहेको बताए ।

"आर्थिक वर्ष २०७२/७३ मा ६२ दशमलव १६ प्रतिशत घर परिवारमा मात्रै विद्युतीकरण भएको थियो भने अहिले ९२ दशमलव ५१ प्रतिशतमा पुगेको छ । सात प्रदेशमध्ये चार प्रदेश करिब-करिब पूर्ण विद्युतीकरण भएका छन्", उनले भने ।

भौगोलिक कठिनाइ तथा विकटताले गर्दा कर्णाली प्रदेशका जिल्लाहरूमा विद्युतीकरणमा केही ढिलाइ भएता पनि अब दुई वर्षभित्रमा सबैको घरधुरीमा विद्युत् पुऱ्याउने गरी उच्च प्राथमिकताकासाथ काम भइरहेको छ । त्यसका लागि बजेट व्यवस्थापन गरी निर्माण व्यवसायी छनोटका लागि बोलपत्र आह्वान भइसकेको छ ।

प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) र युरोपेली लगानी बैंक (इआइबी)बाट २२ करोड अमेरिकी डलर (करिब २८ अर्ब) सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा विद्युतीकरण गर्दै छ ।

सरकारको लगानी र प्राधिकरणले आफूले कमाएको नाफाबाट केही अंश छुट्याएर अन्य क्षेत्रमा विद्युत्को पहुँच विस्तारमा रकम जुटाइएको कार्यकारी निर्देशक घिसिङले जानकारी दिए ।

प्राधिकरणका वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले कोभिड-१९ महामारीको प्रभाव, निर्माण सामग्री तथा उपकरणहरूको मूल्यवृद्धि, विश्वव्यापीरूपमा बिग्रिएको आपूर्ति चेनको अवस्थामा पनि गत आवमा थप १० जिल्लालाई विद्युतीकरण गर्न सकिएको बताए । उनले भने, "आंशिक विद्युतीकरण भएका र विद्युतीकरण हुन नसकेका स्थानीय तहमा विद्युतीकरण गर्न बोलपत्रको प्रक्रियामा गइसकेका छौं ।"

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# चलचित्र 'झिङ्गेदाउ': मौलिक र अर्ग्यानिक

काठमाडौं, १६ भदौ (रासस)/ चलचित्र 'झिङ्गेदाउ'को विशेष प्रदर्शनी गरिएको छ । कमलपोखरीस्थित विगमुभिजमा चलचित्र निर्माण पक्षले विभिन्न कलाकार र पत्रकारलाई चलचित्र देखाएको हो । यही भदौ १७ गते शुक्रबार आजदेखि प्रदर्शनमा आउने सो चलचित्रलाई निर्देशक ज्ञानेन्द्र देउजाले निर्देशन गरेको हो ।

पारिवारिक कथावस्तुमा निर्माण भएको यस चलचित्रमा अभिनेत्री केकी अधिकारी, आँचल शर्मा, अभिनेता कुशल विष्ट, मुकुन भुसालको मुख्य भूमिका रहेको छ भने हिँउवाला गौतम, प्रतिक्षा शाह, सङ्गम भण्डारी, आर्यन खड्का, आशा भुषाल, अभयराज बराल, विजय देउजालगायत कलाकारको अभिनय रहेको छ । घरपरिवारमा दाजुभाइबीच हुने प्रेम, झैंझगडा तथा विवादलाई चलचित्रको विषयवस्तु बनाइएकोछ । चलचित्रमा अभिनेत्री केकी अधिकारी र आँचल शर्माले जेठानी-देउरानीको भूमिका देख्न सकिन्छ ।

कार्यक्रममा कलाकार संघका अध्यक्ष रवीन्द्र खड्का, चलचित्र विकास वोर्डका अध्यक्ष भुवन केसी, कलाकार दिपाश्री निरौला, दीपकराज गिरी, मिथिला शर्मा, उत्तम केसी, अभिनेत्री स्वस्तिमा खड्का, रिमा विश्वकर्मालगायतका कलाकारको उपस्थिति थियो ।

चलचित्र हेरेपश्चात कलाकारले अभिनेत्री हिँउवाला गौतमको अभिनयलाई निकै तारिफ गरेको थियो । "चलचित्रमा नायकको भूमिका नै नायिकाले गर्नुभएको छ", कलाकार मिथिला शर्माले भने । त्यसो भनिरहँदा अभिनेत्री गौतम निकै भावुक भएको थियो । "चलचित्र हेरेर हाँस्दाहाँस्दै सबैको आँखा र साएको पत्तै नहुने रहेछ", कलाकार शर्माले भने । त्यस्तै निर्देशक तथा कलाकार निरौलाले चलचित्रको कथावस्तु मौलिक र अर्ग्यानिक रहेको बताएको छ ।

निर्माताका रूपमा सुलभ प्रतीक देउजा, समीक्षा देउजा रहेको यस चलचित्रमा साहित्यकार भिमनिधि तिवारीको कथा कृतिमा आधारित कथावस्तु रहेको छ । कपनगडी सिनेमा र फिल्मक्रियु नेपालको ब्यानरमा निर्माण भएको चलचित्रमा प्रदीप भारद्वाजको पटकथा र संवाद रहेको छ । यसअघि सार्वजनिक भएको चलचित्रको गीतलाई दर्शकले निकै मन पराएको थियो ।

# राष्ट्रियसभा: डेङ्गु रोकथाममा ध्यान दिन सरकारसँग माग



काठमाडौं, १६ भदौ (रासस)/ राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदहरूले मुलुकको विभिन्न क्षेत्रमा डेङ्गु रोगको समस्या बढ्दै गएको जनाउँदै यसको रोकथामका लागि सरकारसँग माग गरेको छ ।

बिहीबारको बैठकको शून्य समयमा सांसद सुरेश आले मगरले काठमाडौं उपत्यकामा समेत दैनिक डेङ्गु संक्रमण बढ्दो देखिएकाले तत्काल रोकथामको कार्य अघि बढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग आग्रह गरे ।

बैठकमा सांसद उदयबहादुर बोहराले राप्ती राजमार्ग अवस्था कमजोर भएको उल्लेख गर्दै तुलसीपुर-कपुरकोट सडकखण्ड कन्तबिजोग बनेको बताए ।

सांसद उर्मिला अर्यालले रासायनिक मल अझै राम्ररी आपूर्ति हुन नसक्दा र सिँचाइको अभावका कारण मधेसका किसान चिन्तित छन् भने । सांसद तुलप्रसाद विश्वकर्माले भेटेरिनरी चिकित्सकबाहेकका अन्य भेटेरेनरी सेवामा लागेका जनशक्तिलाई समेट्ने भएकाले पशु स्वास्थ्य तथा पशु सेवा विधेयकलाई छिटो पारित गर्न आग्रह गरे ।

सांसद नारायणदत्त मिश्रले मलखादको अभाव हुन नदिन सरकारसँग आग्रह गरे । सांसद भुवनबहादुर सुनारले गाउँ-गाउँमा सहकारी घरघरमा भकारी भन्ने नाराका साथ अघि बढेको सहकारी पछिल्लो समयमा बदनाम हुँदै गएकामा चिन्ता प्रकट गरे । सांसद मदनकुमारी शाहले कैलालीका पथैया, मोहना कान्द्र काँडा र कर्णाली नदीलाई डल्फिन संरक्षित क्षेत्र घोषणा गर्न माग गरे ।

बैठकमा सांसद मोहम्मद खालिदले गत वर्ष सुक्खा मौसमका कारण पीडित किसानका लागि सरकारले घोषणा गरेको राहत सिरहाका किसानले अझै नपाएको गुनासो गरे । सांसद राजेन्द्रलक्ष्मी गैरेले आगामी निर्वाचनमा महिलालाई उचित प्रतिनिधित्व दिन दलहरूसँग आग्रह गरे ।

# राष्ट्रिय बाल दिवसको नारा तय



काठमाडौं, १६ भदौ (रासस)/ सरकारले ५८ औं राष्ट्रिय बाल दिवसको नारा 'बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी समाज' तय गरेको छ ।

बर्सेनी भदौ २९ गते मनाइँदै आएको उक्त दिवसका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालमैत्री अवधाराणालाई महत्व दिँदै उक्त नारा तय गरेको महिला विकास अधिकृत कमला दाहालले जानकारी दिए ।

नेपालले सन् १९९० सेप्टेम्बर १४ मा बाल अधिकार महासन्धि अनुमोदन गरेको सम्झनामा प्रत्येक वर्ष भदौ २९ गते दिवास मनाउँदै आएको छ ।

मन्त्रालयले दिवस मनाउने क्रममा स्थानीय तह, प्रदेश सरकार, विभिन्न बाल क्लब, नागरिक संघसंस्था र सञ्जाललाई आग्रह गरेको छ । मन्त्रालयले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ पनि पठाएको छ । सो निर्देशिका २०७८ असार २७ गते मन्त्रीस्तरको निर्णयबाट स्वीकृत भएको थियो ।

# *निर्वाचनको लागि...*

अन्योल अवस्थामा रहेको देशमा बीस वर्षपछि भए पनि सबै तहमा निर्वाचनमार्फत पाँच वर्षअघि जनप्रतिनिधिहरु छानिन पुगेका थिए ।

निर्वाचनपश्चात् अब सार्थक सम्बोधन हुने आशामा रहेका जनतालाई विगत पाँच वर्षमा जनजनको समस्या सम्बोधन गर्नुभन्दा पनि दलीय लडाइँलाई नै प्राथमिकता दिएर जनजनलाई उल्लु र दिग्भ्रमित बनाए । दलहरुको लडाइँ जनताको स्वार्थमा केन्द्रित रहेन । राज्यमा रहेको स्रोतमा कसरी कब्जा जमाउने भन्ने ध्यानमै राजनीतिक व्यवसायीहरुको महत्वपूर्ण समय खेर हुन पुग्यो ।

मिलिजुली सरकारको नाउँमा होस् वा बहुमतको सरकारको नाउँमा होस्, जनताका वास्तविक समस्याले आजसम्म आइपुग्दा सार्थक सम्बोधनले प्रश्रय नै पाउन सकेन । पाँच वर्षमा देखिएका विभिन्न बेथितिहरुले त्यसै कुराको पुष्टि गर्दछ ।

आफूबाट सत्ता उछिट्टिने डरले कसैले स्वतन्त्र सरकार भन्यो कि पुरानो दलका राजनीतिक व्यवसायीहरुको सातो जान थालेको छ । त्यसैको कारण स्वतन्त्र सरकारको मागलाई गलत भाष्यमा रुपान्तरण गरी स्वतन्त्र सरकार भनेको निर्दलीय व्यवस्था हो भन्दै प्रचारप्रसार गर्न व्यस्त देखिएका छन् । उनीहरुको यही भनाइले पनि विगत पाँच वर्षमा जति पनि राजनीतिक व्यवसायीहरु सत्तामा पुगे उनीहरु स्वतन्त्र रहेर काम गर्न नसकेको कुरालाई थप पुष्टि गर्दछ ।

निर्वाचनबाट मत प्राप्त गरिसकेपछि निर्वाचित व्यक्तिले काम गर्ने भनेको स्वतन्त्र भएरै हो, कसैको कठपुतली भएर होइन । निर्वाचित व्यक्तिले आफ्नो दलको हाकिम नै भए पनि कानुन विपरीत काम गर्छ भने त्यसलाई कानुनी कठघरामा उभ्याउन सक्नुपर्दछ ।वर्तमान अवस्थामा अब जनताले आफ्नो मत परिवर्तन नगरी नहुने अवस्था सिर्जना भएको छ ।

जनता र स्वयं राजनीतिक दलका कार्यकर्ता सचेत भएका कारणले सबै अंगहरुमा व्याप्त बेथिति, भ्रष्टाचार र कुशासनको विरुद्ध धावा बोल्न सक्ने निष्पक्ष र निडर स्वतन्त्र व्यक्तिको आगमन हुने डरले पुराना दलहरुमा छटपटाहट पैदा भएको छ ।

दलगत र व्यक्तिगत गुटलाई तिरष्कार गर्न सक्ने नागरिक सरकारको परिकल्पना गर्दै वर्षौंदेखि हुँदै आएको बहसले वर्तमानमा सार्थकता पाउन खोजेको छ । त्यो सार्थकतालाई यसपालि पूरा गरेरै छाड्नुपर्दछ । यसपालि पनि जनमत चिप्लियो र झुक्कियो भने जनजनले वर्तमानमा भन्दा अझ बढी दु:ख झेल्नु पर्नेछ ।

(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)
*-साभार: नेपाल समाचारपत्र*

# विषादीले दुर्गन्ध फैलियो



सर्लाही, १६ भदौ (रासस)/ सर्लाहीको चन्द्रनगर गाउँपालिका-६ स्थित नाढीमन ताल वरपर पानी सफा गर्ने क्रममा हालिएको विषादीले दुर्गन्ध फैलिएको छ । यसले स्थानीयवासीको स्वास्थ्यलाई समस्या समेत परेको जनाइएको छ ।

पानी फोहर भएको जनाउँदै माछा ठेकेदार दुलार मुखियालले करिब १० दिनअघि त्यस क्षेत्रमा विषादी छर्केका थिए । यसपछि ताल वरपर निकै दुर्गन्ध फैलिएको स्थानीय कपिल कापरले गुनासो गरे । दुर्गन्धका कारण स्थानीयमा वान्ता भइरहने र टाउको दुख्नेजस्ता स्वास्थ्य समस्या देखापरेको उनको भनाइ छ ।

सो गाउँपालिकाले नाढीमन तालमा माछापालनका लागि ठेकेदारलाई छ करोड २९ लाखमा पाँच वर्षका लागि ठेक्का दिएको छ । सो ठेक्काको अवधि आगामी वैशाख दोस्रो साता सकिने जनाइएको छ । पानी फोहर भएपछि सफा गर्नका लागि विषादी हालेको ठेकेदार मुखियाले बताए । जनकपुर लगायतका स्थानमा पनि यसरी पानी सफा गर्न विषादी हाल्ने गरिएकाले विषादी प्रयोग गरिएको उनले जनाए ।

गाउँपालिकाले तालमा डुंगा चलाउँदा माछा मर्ने गरेको, छेउछाउमा मदिरा खाएर बोतल जथाभावी फाल्दा माछा मार्ने गरेको बाढी आएर माछा बगाउने गरेको र कहिलेकाहीँ माछा नै चोरी हुने गरेकोजस्ता उनले दु:खेसो गरे । दिनप्रतिदिन विषादीको गन्ध विस्तारै कम हुँदै गएको उनले बताए ।

बाउन्न बिघा क्षेत्रफलमा फैलिएको नाढीमन ताल दिनप्रतिदिन अतिक्रमणको चपेटामा परेको छ भने प्राकृतिक ताल दिनप्रतिदिन मानवीय हस्तक्षेपको चपेटामा परिरहेको छ ।

# ट्राफिक नियम उलंघन गर्ने सवारीबाट महिनामै २४ लाख राजश्व

साझाकुरा संवाददाता




हेटौंडा, १६ भदौ/ मकवानपुरमा ट्राफिक नियम उलंघन गर्ने सवारी साधनको जरिवानाबाट एक महिनामा २४ लाख रुपैयाँभन्दा बढी राजश्व संकलन भएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्ष २०७९/८० को साउन एक महिनामा नै ट्राफिक नियम उलंघन गर्ने सवारी साधनको जरिवानाबाट २४ लाख ६ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको हो ।

ट्राफिक प्रहरीले साउन महिनामा तीन हजार २ सय ५० वटा सवारी साधनलाई कारबाही गरेको छ । मकवानपुर ट्राफिक प्रहरीले गत आर्थिक वर्ष २०७८/७९ मा ३० हजार ३ सय २७ सवारी साधनलाई कारबाही गरेर २ करोड ३६ लाख ९० हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको थियो । यस्तै, अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा २९ हजारभन्दा बढी सवारी साधनलाई कारबाही गरेर २ करोड ४५ लाख ८८ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको तथ्यांकमा उल्लेख छ । साउन महिनामा ९१ वटा ट्याक्टरलाई कारबाही गरेर ७२ हजार रुपैयाँ संकलन भएको छ । त्यस्तैगरि ४ सय ९५ वटा अटो/ट्याम्पो/मयूरीलाई कारबाही गरी ३ लाख ३२ हजार रुपैयाँ राजस्व संकलन गरेको ट्राफिक प्रहरीले जनाएको छ । ७ सय ६४ वटा ट्रक/ट्यांकर/टिपरलाई कारबाही गरेर ६ लाख ९१ हजार रुपैयाँ जरिवाना संकलन गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ ।

यस्तै, ४ सय ७८ वटा बसलाई कारबाही गरेर ३ लाख ५६ हजार रुपैयाँ जरिवाना संकलन गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले ६ सय ४२ वटा जीप/कारलाई कारबाही गरेर ४ लाख ३३ हजार ५ सय रुपैयाँ जरिवाना संकलन गर्दा ७ सय ८० मोटरसाइकललाई कारबाही गरेर ५ लाख २२ हजार रुपैयाँ राजश्व संकलन गरेको छ ।

## जिल्ला प्रशासनमा मुख्यमन्त्री पाण्डेको निरीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ जिल्ला प्रशासन कार्यालय मकवानपुरको सेवा प्रदानका सम्बन्धमा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले निरीक्षण गरेका छन् ।

मुख्यमन्त्री पाण्डेले बिहीवार जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने नागरिकता, राहदानी तथा विभिन्न सिफारिस कक्षमा पुगेर सेवाग्राहीसँग कार्यालयको सेवा प्रवाहको अवस्थाबारे जानकारी लिएका थिए । उनले सेवाग्राहीलाई छिटो-छरितो सेवा उपलब्ध गराई सेवाग्राहीलाई आवश्यक पर्ने पूर्वाधार विकासका लागि पनि संरचना तयार सहित सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

आगामी ४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ निष्पक्ष एवं भयरहित बनाउन आवश्यक शान्ति सुरक्षा उपलब्ध गराउनेतर्फ पनि सुरक्षा रणनीति तयार गर्न मुख्यमन्त्री पाण्डेले आग्रह गरे ।

प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे र सहायका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले प्रशासनिक सेवा तथा अर्धन्यायिक मुद्दाको फछ्र्यौट, नागरिक सेवा, राहदानी सेवा तथा अन्य सिफारिस सेवा, जिल्लाको शान्ति सुरक्षाको अवस्थाबारे मुख्यमन्त्री पाण्डेलाई जानकारी गराएका छन् ।

*नेपाली काँग्रेस मकवानपुर प्रदेश क्षेत्रीय समितिको बैठक*

## प्रत्यक्षतर्फ प्रदेश १ (क) मा तीन र २ (क) मा छ जना सिफारिस

साझाकुरा संवाददाता



हेटौंडा, १६ भदौ/ नेपाली कांग्रेस मकवानपुरअन्तर्गत् दुईवटा क्षेत्रीय समितिले आगामी मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा सम्भावित उम्मेदवारको नाम सिफारिस गरेका छन् ।

मकवानपुर जिल्ला प्रतिनिधिसभा १ को प्रदेशसभा (क) र प्रतिनिधिसभा २ को प्रदेशसभा (क) समितिको विहीबार बसेको बैठकले सम्भावित उम्मेदवारको नाम सिफारिस गरेको हो । बैठकले प्रत्यक्षतर्फ क्षेत्र नं. १ (क) मा तीन जना र क्षेत्र नं. २ (क) मा छ जनाको नाम सिफारिस गरेको हो ।

प्रदेश १ (क) कार्यसमिति बैठकले कांग्रेस मकवानपुर १ का संघीय सभापति दामोदर खनाल, भूमिनन्द गौतम र मिठाराम दाहालको नाम सिफारिस गरेको हो । बैठकले (क) बाट समानुपातिकतर्फ रामशरण माझी, शेरबहादुर भोलन, भक्तबहादुर राई, ताराचन्द्र बजगाइँ, सुशान्त श्रेष्ठ, तुलसीराम लामिछाने, रामबाबु बानियाँ, अनिल बिक, शेरबहादुर घलान, मानबहादुर पाटा, उर्मिला पुलामी, भानुमाया ठाडा, मोहनप्रसाद ढकाल, तेजप्रसाद घिमिरे र सुनिता राईको नाम सिफारिस गर्ने निर्णय गरेको जनाइएको छ ।

यसैगरी, प्रदेश २ (क) कार्यसमितिको बैठकले प्रत्यक्षतर्फ महाधिवेशन प्रतिनिधि राज मैनाली 'दिनेश'सहित नेताहरु ईश्वरनाथ पौडेल, यतिराज सापकोटा, महेन्द्र राउत, योगेन्द्रमान श्रेष्ठ र भीम लामाको नाम सिफारिस गरेको छ ।

बैठकले प्रदेश क्षेत्रको समानुपातिक महिलातर्फ ईश्वरी शाही ठकुरी, गोरीमाया लामा, निलम देवकोटा, जानकी गिरी, राममाया केसी, शान्ता विक र भवानी प्रधान तथा पुरुषतर्फ पुरुषोत्तम विक, बुद्धिबहादुर सिंजाली, कृष्णभक्त श्रेष्ठ, खड्गबहादुर गोपाली, भरत लामा, राजेन्द्र बिडारी, रमेश रौनियार, रामचन्द्र थिङ, विश्वलाल वाईबा र मदन जोशीको नाम सिफारिस गरेको बैठकमा सहभागी महाधिवेशन प्रतिनिधि राज मैनाली 'दिनेश'ले जानकारी दिए । बैठकले संघीय क्षेत्रको समानुपातिकतर्फ उदयमोहन श्रेष्ठ र आनन्द कठायतको नाम सिफारिस गरेको बताइएको छ ।

यसअघि सोमबार पार्टी कार्यालयमा भएको नेपाली कांग्रेस प्रदेश १ (ख) कमिटीको बैठकले आकांक्षीहरु १० जनाको नाम पार्टी जिल्ला कमिटीमा सिफारिस गर्ने निर्णय गरेको थियो । आनन्दराम पराजुलीसहित प्रत्यक्षतर्फ १० जनाको र समानुपातिकतर्फ करिब आधा दर्जनको नाम जिल्ला कमिटीमा सिफारिस गर्ने निर्णय भएको थियो ।

## नवोदयले नमूना संयुक्त राष्ट्रसंघीय महासभा गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ नवोदय शिशु सदन माविले नमूना संयुक्त राष्ट्रसंघीय महासभाको आयोजना गर्ने भएको छ ।

विद्यालयले विद्यार्थीको नेतृत्व विकास गर्ने उद्देश्यले नमूना संयुक्त राष्ट्रसंघीय महासभाको आयोजना गर्न लागेको हो । आइतबारबाट मंगलबारसम्म सञ्चालन हुने महासभामा नगरका अन्य ५ निजी विद्यालयका विद्यार्थीको सहभागिता रहने जनाइएको छ ।

विद्यार्थीलाई अन्तर्राष्ट्रिय संस्थाको अवधारणा बुझ्न अभ्यासमा आधारित भई कार्य गर्न खोजिएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा १० कक्षाकी छात्रा रेजा विष्टले बताइन् । उनको अनुसार यसअघि दुईपटक भर्चुअलरुपमा आयोजना गर्दै आएको नमूना महासभाको बैठक यसपटक भौतिक उपस्थितिमै आयोजना गर्न लागिएको छ । छिमेकी जिल्ला चितवनको विद्यालयमा आयोजना भएको नमूना महासभामा सहभागी भएपछि नवोदय आफैंले नमूना महासभाको आयोजना गर्न सुरु गरेको उनले जानकारी दिइन् । विद्यार्थीको नेतृत्व विकास हुने, सामूहिक छलफलमा सहभागी हुनुका साथै आफ्नो विचार प्रस्तुत गर्ने क्षमताको विकास हुने अपेक्षासहित नमूना महासभाको आयोजना गरिएको उनले बताइन् । नमूना महासभामा पूर्वनिर्धारित मुद्दामा रहेर विद्यार्थीले छलफल गर्नेछन् ।

नमूना महासभामा विश्व स्वास्थ्य संगठनको तर्फबाट विश्वभर आनुवंशिक विकारलाई सबोधन गर्ने विषयलाई प्रमुख मुद्दा बनाउनेछ भने संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को तर्फबाट विश्वव्यापी सुरक्षाका लागि उपनिवेशको कमी भन्ने विषयलाई प्रमुख मुद्दाको रुपमा प्रस्तुत गर्नेछ ।

यस्तै राष्ट्रसंघीय आर्थिक र वित्तीय मामिला परिषद्ले बढ्दो मुद्रा स्फिति विश्वव्यापी मन्दी विरुद्धको लडाईँलाई प्रमुख मुद्दा बनाउँदा खाद्य तथा कृषि संगठनले राम्रो उपजका लागि भविष्यको कृषि प्रविधिको विकासलाई प्रमुख मुद्दा बनाउनेछ । अन्तर्राष्ट्रिय श्रम संगठनको तर्फबाट कार्यरत कार्यबलको तीव्र आकारलाई प्रमुख मुद्दा बनाउने बिष्टको भनाइ छ । नवोदयको आयोजनामा हुन लागेको नमूना महासभामा हेटौंडा-४ स्थित ब्रह्मदिक एकेडेमी, हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-१० स्थित तुलसी मेहर मेमोरियर स्कूल, हेटौंडा-११ स्थित हेटौंडा एकेडेमी र हेटौंडा-१८ स्थित मकवानपुर बालविद्या सदन माविका विद्यार्थी पनि सहभागी हुँदैछन् । नवोदय शिशु सदनका ९ र १० का सबै विद्यार्थी र ८ कक्षाका केही विद्यार्थी सहभागी हुँदैछन् भने अन्य विद्यालयबाट बढीमा ६ जना विद्यार्थीको सहभागिता रहने बताइएको छ ।

संयुक्त राष्ट्रसंघको दुई सयभन्दा बढी सदस्य राष्ट्र सदस्य भए पनि नमूना महासभामा ३० देखि ४० देशका प्रतिनिधिको भूमिकामा विद्यार्थीहरु सहभागी हुने छन् । नमूना महासभामा सहभागी हुँदा विद्यार्थीले कुटनीति, अन्तर्राष्ट्रिय सम्बन्ध र राष्ट्रसंघमा मुलुकको प्रतिनिधित्वका विषयमा बुझ्न पाउने उनले बताइन् ।

## गिरीको १३ औं दिनको पुण्यतिथिमा शोकसभा




साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ नेपाली कांग्रेस मकवानपुरले कांग्रेस नेता प्रदिप गिरीको १३ औं दिनको पुण्यतिथिमा शोकसभा गरेको छ ।

कांग्रेसले बिहीबार पार्टी नेता समाजवादी चिन्तक गिरीको १३ औं दिनको पुण्यतिथिमा फुलमाला अर्पण गरेर शोकसभा गरेको हो । नेपाली कांग्रेस मकवानपुरका जिल्ला उपसभापति आनन्द कठायतको सभाध्यक्षता तथा नेपाली कांग्रेस मकवानपुरका निवर्तमान सभापति विष्णुप्रसाद लामिछानेको प्रमुख आतिथ्यतामा शोकसभा भएको हो । कार्यक्रममा नेपाली कांग्रेसका भातृ संगठनहरुको उपस्थिति रहेको थियो ।

## किसानको माग पूरा गर्न कृषकहित संरक्षण मञ्चको आग्रह



काठमाडौं, १६ भदौ (रासस)/ गाउँसुधार तथा कृषकहित संरक्षण मञ्च नेपालले किसानको माग पूरा गर्न सरकारसमक्ष आग्रह गरेको छ । देशको अर्थतन्त्रको मेरुदण्ड कृषि भए पनि राज्य उक्त क्षेत्रबारे व्यावहारिक र जिम्मेवार हुन नसकेको मञ्चको भनाइ छ ।

मञ्चका अध्यक्ष दुर्गाप्रसाद खनालले कृषिले नै नेपाली जनताको उन्नति र प्रगतिको ढोका खोल्ने बताए । राज्यले यसलाई सैद्धान्तिक तरिकाले स्वीकारे पनि व्यावहारिकरूपमा अन्यन्तै ढिलासुस्ती गरेको उनको भनाइ थियो । नेपालका ६५ दशमलव छ प्रतिशत जनसंख्या कृषिमा आधारित रहेको उल्लेख गर्दै उनले कृषिमा आधारित रहने ठूलो हिस्सा अस्तव्यस्त परिस्थितिमा गुज्रिरहेको टिप्पणी गरे ।

सरकारले अर्बौं रुपैयाँ बजेट कृषिमा छुट्याए पनि समयमै मल नपाइने भन्दै किसानका समस्या ज्युँ का त्युँ रहेको उनले गुनासो गरे । अध्यक्ष खनालले सरकारको बेवास्ताका कारण किसानले भारतबाट मल ल्याउन बाध्य भएको सुनाए ।

मलको उद्योग नेपालमै खोल्नुपर्नेमा उनले जोड दिए । खनालले मल तथा बीउ सस्तोमा पाउने व्यवस्था तत्काल लागू गर्न सरकारसँग आग्रह गरे ।

## नागस्वती भेट्रान्स कपको तयारी पूरा

साझाकुरा संवाददाता




हेटौंडा, १६ भदौ/ हेटौंडामा हुने प्रथम नागस्वती भेट्रान्स रनिङशिल्ड 'एट ए' साइड फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ । नागस्वती भेट्रान्स क्लबले आगामी १८ भदौदेखि प्रतियोगिता गर्दैछ । प्रतियोगितको लागि खेल मैदान बनाउने तथा खेल तालिका प्रकाशन गर्ने काम सकिएको आयोजकले जनाएको छ ।

हेटौंडा-७ नागस्वती खेल मैदानमा आयोजना हुने प्रतियोगितामा देश भरका ४० वर्षमाथि उमेर समूहका खेलाडीहरुको १८ वटा टोली सहभागी हुनेछ । कतिपय टोलीमा पूर्व राष्ट्रिय खेलाडीहरुको पनि सहभागिता रहने आयोजकले जनाएको छ । प्रतियोगितामा विजेतालाई २ लाख १ हजार र उपविजेतालाई एक लाख १ हजार नगदसहित शिल्ड प्रदान गरिने क्लबका अध्यक्ष सोमबहादुर तितुङले बताए ।

'स्वास्थ्यका लागि खेल' भन्ने नाराका साथ आयोजना गर्न लागिएको प्रतियोगिताले पूर्वखेलाडीहरुको मनोवल उच्च राख्न सहयोग पुग्ने तितुङको विश्वास छ । प्रतियोगितामा शनिवार दिउसो उद्घाटन खेल आयोजक क्लब नागस्वती भेट्रान्स 'ए' र पशुपती भेट्रान्सबीच हुनेछ । दोश्रो खेल दिउसो विजय युथ भेट्रान्स हेटौंडा र थापा गाँउ भेट्रान्स काठमाडौं बिच हुने आयोजकले जानकारी दिएको छ ।

**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको**
**वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।


प्रधानाध्यापक
**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौंडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

## दुई सय ६९ मा संक्रमण

काठमाडौं १६ भदौ (रासस)/ कोरोना भाइरसको संक्रमण बिहीबार दुई सय ६९ मा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा तीन हजार पाँच सय ५७ परीक्षणमध्ये दुई सय ६९ मा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो । बिहीबार दुई सय १५ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.५ प्रतिशत छ ।



सक्रिय संक्रमितको संख्या तीन हजार एक सय ५८ पुगेको छ । यस्तै बिहीबार कोरोना भाइरसको संक्रमणबाट एक जनाको निधन भएको छ । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं र ललितपुर छन् । संक्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, जुम्ला र मुगु छन् । यस्तै होम आइसोलेसनमा तीन हजार चार, संस्थागत आइसोलेसनमा एक सय ५४, सघन उपचार कक्ष (आइसियु)मा ४६ र भेन्टिलेटरमा सात जनाको उपचार भइरहेको छ । बिहीबार कसैले पनि कोरोना भाइरस विरुद्धको खोप लगाएका छैनन् ।




**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना